# झापा जिल्ला अदालत

## सिलबन्धी बोलपत्र आव्हान सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः-२०७४।०९।३०**

विभिन्न मुद्दामा दशी स्वरुप दाखिला हुन आएका यस अदालतमा जिन्सीमा अम्दानी बाँधिएका निम्न गाडी र मोटरसाइकलहरु हाल जे जस्तो अवस्थामा छन् सोही अवस्थामा एकमुष्ट लिलाम बिक्री गर्न निम्न सर्तहरुको अधिनमा रही इच्छुक नेपाली नागरिक, फर्म, संस्था वा कम्पनीबाट रित पूर्वकको सिलबन्धी बोलपत्र आव्हान गरिन्छ।

**तपसिलः**

(क) **चारपाङ्ग्रे गाडीः**

| सि.नं. | स्टिकर नं. | जिन्सी नं. | विवरण | बनेको साल | समितिको मूल्यांकन | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | ५१८ | Mahindra pik-up<br>मे.१ज. १०४२<br>इ.नं. G50277<br>चे.नं. MA1ZC4AFA41G33043 | २००४ | २,१०,०००/- | |
| २ | ३ | ७८४ | TOYOTA INNOVA 2.5 G<br>WB74M5895<br>Model no.-KUN40R-GKMDYX<br>इ.नं. 2KD6072224<br>चे.नं.MBJ11JV4007124901-0308 | २००८ | ७,००,०००/- | |
| ३ | ४ | ८२९ | Mahindra XUV 500 Jeep<br>को.१ज. ८७१७<br>Model no.-AAW2BPE47TU02JA0Q6<br>इ.नं. HJF4C11794<br>चे.नं. MA1YT2HJUF6C19068 | २०१५ | ३२,००,०००/- | |
| ४ | ५ | ८३२ | Maruti Van<br>को.१ज. ११७३<br>इ.नं. N397071<br>चे.नं. ST911N802393 | | ४९,०००/- | |
| जम्मा एकमुष्ट न्यूनतम् मूल्य | | | | | रु.४१,५९,०००/- | |

(ख) **मोटरसाइकलः**

| सि.नं. | स्टिकर नं. | जिन्सी नं. | विवरण | बनेको साल | समितिको मूल्यांकन रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | ७३७ | Pulsar 200 NS Motorcycle<br>WB74AB0813<br>इ.नं. JLZCCJ49525<br>चे.नं. *MD2A36FZXCCJ55429* | | ४९,०००/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | २ | ७४३ | YAMAHA FZ-S Motorcycle<br>मे.५प.३३९०<br>इ.नं. 1PS4003569<br>चे.नं. ME11PS042D2003619 | | ५६,०००/- | |
| ३ | ३ | ७५२ | Bajaj 220F Motorcycle<br>मे.५प. ५६०२<br>इ.नं. DKGBPG03008<br>चे.नं. MD2DHDHZZPCG02996 | | ६३,०००/- | |
| ४ | ४ | ७८० | Bajaj Discover DTS-Si Motorcycle<br>BR37B9780<br>इ.नं. JBUBTE43507<br>चे.नं. MD2DSPAZZTPF99618 | | २१,०००/- | |
| ५ | ५ | " | Hero Honda Motorcycle<br>बा.१७प. २७२१<br>इ.नं. 05F08M36719<br>चे.नं. 05F09C33621 | | १७,५००/- | |
| ६ | ६ | ७९० | Discover 125 ST Motorcycle<br>मे.५प. ४८२७<br>इ.नं. JEZWDA00435<br>चे.नं. *MD2A37CZ2DWA23293* | | ४२,०००/- | |
| ७ | ७ | ८२२ | Bajaj Pulsar 220F Motorcycle<br>मे.५प. ६५६०<br>इ.नं. DKZCFM02269<br>चे.नं. *MD2A13E75FCM14984* | | ७७,०००/- | |
| ८ | ८ | ८४५ | HERO HONDA HUNK Motorcycle<br>मे.५प. ९९२०<br>इ.नं. KC13EEBGE00233<br>चे.नं. MBLKC13EFBGE00079 | | ३४,०००/- | |
| ९ | ९ | ८८४ | Glamour ASFS Motorcycle<br>BR37H3401<br>इ.नं. JA06EJEGG10843<br>चे.नं. MBLJA06AGEGG13649 | | २४,०००/- | |
| १० | १० | ९२६ | Pulsar 150 Motorcycle<br>बा.२८प. ४३११<br>इ.नं. DHGBPL27007<br>चे.नं. Unclear (scrap) | | ५,०००/- | नामसारी नहुने |
| जम्मा एकमुष्ट न्यूनतम् मूल्य | | | | | रु.३,८८,५००/- | |

## सर्तहरु:

१. बोलपत्र सम्बन्धी कागजात (फाराम) यो सूचना प्रकाशित भएको मिति देखी मिति २०७४/१०/१४ गतेसम्म कार्यालय समयभित्र तपसिलको खण्ड 'क' को लागि रु.२,०००/- र खण्ड 'ख' को लागि रु.१,०००/- राजश्व आर्थिकं प्रशासन शाखामा नगदै दाखिला गरी तहसिल शाखामा खरिद गर्न सकिनेछ।

२. खरिद भएका बोलपत्रहरु यो सूचना प्रकासित भएको मितिदेखी मिति २०७४/१०/१४ गते दिनको ३.०० बजेसम्म व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्र, संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्मदर्ता प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखी यस अदालतको नाममा सम्बोधन गरी बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई सिलबन्दी लाहाछाप गरी तहसिल शाखामा दर्ता गराउनु पर्नेछ। बोलपत्रदाताले आफूले बोल कबोल गरेको अंकको १०% ले हुने रकम यस अदालतको धरौटी रा.वा. बैंक, भद्रपुरको धरौटी खाता नं. २२१०२०३०००००० मा राखी भौचर सहितको बोलपत्र पेश गर्नु पर्नेछ।

३. दर्ता भएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको २.०० बजे बोलपत्रदाता र निजको प्रतिनिधिहरु र यस अदालतको प्रतिनिधिहरुको रोहवरमा यस अदालतमा खोलिने छ। बोलपत्रदाता वा निजका प्रतिनिधि नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५. बोलपत्रमा दर रेट अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।

६. म्याद नाघि आएको र रीत नपुगेको र सर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन।

८. बोलपत्रदाताले सिलबन्दी बोलपत्र पेस गरी छानविन भएपछि प्रथम, द्वितीय र तृतीय छनौट गरी प्रथम हुनेलाई मान्यता दिइनेछ। उक्त प्रथम हुने बोलपत्रदाताले संझौता गर्न नआएमा क्रमशः द्वितीयलाई दिइनेछ। द्वितीय पनि नआएमा तृतीयलाई दिइनेछ। र प्रथम र द्वितीयको धरौटी १०% जफत गरिनेछ। बोलपत्र खुली कारवाही भएपछि बाँकी ९०% रकम धरौटी खातामा जम्मा गरी सोको हुने मूल्य अभिवृद्धि करसमेत तिरी ७ दिन भित्रमा सामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लगिसक्नु पर्नेछ। ७ दिन भित्र आफूले कवोल गरेको रकम दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानून बमोजिम जफत गरिने छ।

९. तपसीलको खण्ड "क" को चार पाङ्ग्रे गाढीको तोकीएको एकमुष्ट न्यूनतम् मूल्य र खण्ड "ख" को मोटरसाईकलको एकमुष्ट न्यूनतम् मूल्य भन्दा घटि मुल्य लेखि ल्याएमा सो बोलपत्रलाई मान्यता दिइने छैन।

१०. पुनः प्रयोग गर्न नपाईने सवारी साधनहरु पत्रुका रुपमा आफ्नै खर्चमा टुक्रा टुक्रा पारी लैजानु पर्नेछ।

११. सवारी साधन दर्ता गर्दा लाग्ने नेपाल सरकारले तोकेबमोजिमको शुल्क बोलपत्रदाताले तिर्नु पर्नेछ।

१२. बोलपत्रदाताले लिलाम हुने जिन्सी मालसामानहरु कार्यालय समयभित्र यस अदालतमा हेर्न सकिनेछ।

१३. बोलपत्र स्विकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस अदालतमा सुरक्षित रहनेछ।

१४. माथि उल्लिखित सवारी साधनहरु सवारी धनीहरुले धरौटी राखी फिर्ता लगेमा उक्त सवारी साधनहरु बाहेक अन्यको मात्र डाक लिलाम हुनेछ।

१५. यस सम्बन्धी थप कुराहरू बुझ्नु परेमा कार्यालय समयभित्र यस अदालतको तहसील शाखामा सम्पर्क गर्न सकिने छ।